नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १९५ २०८२ साल फागुन २२ गते शुक्रबार (6 Mar2026 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : लोकतन्त्र र लोकतान्त्रिक ... ३ पृष्ठमा : निःस्वार्थ र निष्ठा राखेर ... ३ पृष्ठमा : मध्यपूर्व युद्धले रूस-युक्रेन ...

## सप्तरीमा ५५.३३ प्रतिशत मतदान

**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

सप्तरीको चार वटै निर्वाचन क्षेत्रमा बिहीबार प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण र उत्साहपूर्ण रुपमा सम्पन्न भएको छ।

जिल्लाका २ सय ९४ मतदान स्थलका ५ सय ६२ मतदान केन्द्रमा मतदाताले उत्साहका साथ मतदान गरेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख रमेश कुमार जोशीका अनुसार जिल्लामा ५५.३३ प्रतिशत मतदान भएको छ।

निर्वाचन सकिएसँगै जिल्लाको चार वटै क्षेत्रका गरी कुल १ सय २ उम्मेदवारको चुनावी भाग्य मतपेटिका बन्द भएको छ।

जिल्ला निर्वाचन अधिकारी जोशीका अनुसार सबै मतदान केन्द्रबाट मतपेटिका संकलन भइसकेपछी बिहीबारै साँझदेखी मतगणना सुरु गर्ने तयारी छ। यसका लागि जिल्लाको चार वटै निर्वाचन क्षेत्रमा मतगणना स्थललाई तयारी अवस्थामा राखिएको छ।

जिल्लाको क्षेत्र नं. २ मा सबैभन्दा बढी ५७.२२ प्रतिशत मतदान भएको छ। उक्त क्षेत्रमा कुल १ लाख ५ हजार ९२२ मतदाता मध्ये ६० हजार ९ सय ३८ जनाले मतदान गरेका छन्।





सप्तरी क्षेत्र नं. ३ स्थित राप्रावि जमुवामा मतदान केन्द्रमा राजगढ गाउँपालिका ४ की १ सय ९ वर्षिया बृद्धाले मतदान गर्दै।
*तस्बिर : राजविराज दैनिक*

त्यस्तै क्षेत्र नं. १ मा ५५.५७ प्रतिशत मतदान भएको छ। यहाँ १ लाख १९ हजार ४३ मतदाता मध्ये ६५ हजार ६ सय ५२ जनाले मतदान गरेका छन्।

क्षेत्र नं. ४ मा ५५.५५ प्रतिशत मतदान भएको निर्वाचन आयोगले जनाएको छ। उक्त क्षेत्रमा १ लाख ९ हजार ५६६ मतदाता मध्ये ६० हजार २ सय ६६ जनाले मतदान गरेका छन्।

यस्तै क्षेत्र नं. ३ मा सबैभन्दा कम ५३.१४ प्रतिशत मतदान भएको छ। यहाँ १ लाख ११ हजार ८ सय ७१ मतदाता मध्ये ५८ हजार ७ सय ३१ जनाले मतदान गरेका छन्।

जिल्लाभर पुरुषतर्फ १ लाख १२ हजार ४ सय २५, महिलातर्फ १ लाख ३३ हजार १ सय ५९ तथा अन्य ३ जनासहित कुल ४ लाख ४६ हजार २ मतदाता रहेको छ।

## कारागारमा तीन घण्टामै सकियो निर्वाचन



**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

सप्तरी कारागार कार्यालयमा मतदान सुरु भएको तीन घण्टामै मतदान कार्य सम्पन्न भएको छ। मतदान अधिकृत उमेश कुमार अर्यालका अनुसार कुल ६८ मत खसेको छ। विहान सात बजे सुरु भएको मतदान तीन घण्टामै विहान १० बजे नै सकिएको उनले बताए।

कारागारमा कुल ६९ कैदीबन्दी र ४ कर्मचारी गरी ७३ जना मतदाता थिए। ६९ कैदीबन्दी मध्ये दुई जना कैद सजाय भुक्तान गरी जेलमुक्त भएको र एक जनाको स्थान्तरण भएकाले ६६ जनाले मतदान गरेको निमित्त जेलर शुशिल कर्णले जानकारी दिए।

यस्तै कर्मचारी तर्फ दुई जना गरी कुल ६८ मत खसेको उनको भनाई छ। कारागारमा हाल २१ महिला गरी ३ सय ५२ कैदीबन्दी छन्। जसमध्ये निर्वाचन कार्यालयले तयार पारेको मतदाता सुचीमा नाम समावेश भएकाहरुले मात्र प्रतिनिधिसभाको समानुपातिक तर्फ मत खसाल्ने अवसर प्राप्त गरेको कारागार प्रशासनले जनाएको छ।

## तोकिएको मितिमै निर्वाचन सम्पन्न गरेको भन्दै प्रधानमन्त्रीलाई धन्यवाद

**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

जनमत पार्टीका अध्यक्ष सिके राउतले अनेकौं शंका, आशंका र सुरक्षा चुनौतीका बाबजुद प्रतिनिधि सभाको निर्वाचन तोकिएको मितिमै सम्पन्न गरेको भन्दै प्रधानमन्त्री सुशीला कार्कीलाई धन्यवाद दिएका छन्।

असमयमा निकै नै कठिन र प्रतिकूल परिस्थितिमा चुनाव लडेको भन्दै उनले जनमतका उम्मेदवारलाई पनि धन्यवाद दिएका छन्।

'अनेकौं शंका, आशंका र सुरक्षा चुनौतीका बाबजुद प्रतिनिधि सभाको निर्वाचन तोकिएको मितिमै सम्पन्न गरेकोमा नेपालकी प्रथम महिला प्रधानमन्त्री सम्माननीय श्रीमती सुशीला कार्कीज्यूलाई हार्दिक बधाइ दिन चाहन्छौं। साथै असमयमा निकै नै कठिन र प्रतिकूल परिस्थितिमा समेत एक वीर योद्धासरी पछाडि नहटी निर्वाचन लडेकोमा जनमत पार्टीका सम्पूर्ण उम्मेदवारहरूलाई हृदयदेखि आभार व्यक्त गर्दछु,' उनले भनेका छन्, 'अब देशले निकास र सुशासन पाओस् यही हाम्रो अपेक्षा छ।'

## घाइते अवस्थामै मतदान गर्न पुगिन प्रदेश सांसद



**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

प्रतिनिधिसभा सदस्यका लागि मतदान गर्न एक प्रदेश सांसद घाइते अवस्थामै मतदान केन्द्र पुगेर मतदान गरेकी छिन्।

राजविराज ७ निवासी ४२ वर्षिया प्रदेश सांसद किरणकुमारी साह बिहीबार घाइते अवस्थामै मतदान केन्द्र पुगेर मतदान गरेकी हुन्।

लठी टेकेर श्रीमान बिनोदसँग राजविराज ७ जिल्ला खेलकुद विकास समितिको हाताभित्र रहेको मतदान केन्द्र पुगेर उनले मतदान गरेकी छिन्।

हात, खुट्टा र टाउकोमा गहिरो चोटका कारण मतदान केन्द्रसम्म पुग्न असहज भएपछी निर्वाचन सुरक्षामा खटिएका महिला सुरक्षाकर्मीले समेत उनलाई सघाएका थिए।

तीन दिन अघि उनीमाथी मरणासन्न हुने गरी कुटपिट गरिएको थियो। कुटपिट गर्ने बिरुद्ध उनले प्रहरीमा किटानी जाहेरी दिइसकेकी छिन्।

## करिब साठी प्रतिशत मत खस्यो : निर्वाचन आयोग

काठमाडौँ, २१ फागुन (रासस)।

निर्वाचन आयोगले बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा करिब ६० प्रतिशत मतदान भएको प्रारम्भिक अनुमान गरेको छ।

निर्वाचन सम्पन्न भएपछि बिहीबार आयोगमा आयोजित पत्रकार सम्मेलनमा आयोगका कार्यबाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले अहिलेसम्मको प्राप्त विवरणअनुसार करिब ६० प्रतिशत मत खसेको बताउनुभयो। उहाँले विस्तृत विवरण सङ्कलन जारी रहेको जनाउँदै छिटपुट घटनाबाहेक देशभर शान्तिपूर्ण र उत्साहपूर्वक सम्पन्न भएको राष्ट्रिय र अन्तरराष्ट्रिय पर्यवेक्षक संस्थाहरुको प्रारम्भिक प्रतिवेदनले जनाएको उल्लेख गर्नुभयो।

दुर्गम १५ जिल्लाका मतपेटिका नेपाली सेनाको हेलिकप्टरबाट सङ्कलन गरिने जनाउँदै कार्यबाहक प्रमुख भण्डारीले मतपेटिका सङ्कलन भएपछि मतगणना तत्काल सुरु गरिने जानकारी दिनुभयो। उहाँका अनुसार ताप्लेजुङ, रसुवा, दोलखा र पूर्वीरुकुममा मतपेटिका बिहीबारै र सङ्खुवासभा, सोलुखुम्बु, मनाङ, हुम्ला, रुकुमपश्चिम र बाजुराका मतपेटिका शुक्रबारसम्म हेलिकप्टरबाट सङ्कलन गरिनेछ।

आयोगले मताधिकारबाट प्रतिनिधि चुन्ने र शासन सत्ता सञ्चालनको प्रक्रियालाई पूर्णता दिने अभियानमा सहभागी र सहयोगी सबैलाई धन्यवाद दिएको छ। कतिपय स्थलमा मतदाताले मतदानमा सहभागी हुन अस्वीकार गरेको सन्दर्भमा कार्यबाहक प्रमुख आयुक्त भण्डारीले सरकार वा जनप्रतिनिधिले गरेका प्रतिबद्धता पूरा नहुँदा कतिपय स्थानमा मतदाताले मत नदिएको हुनसक्ने भएकाले ती मतदाताले संविधान, प्रणाली र आयोगप्रति भने असन्तुष्टि नभएको बताउनुभयो।

## प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न

काठमाडौँ, २१ फागुन (रासस)।

छिटपुट सामान्य घटनाबाहेक प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान बिहीबार देशभर शान्तिपूर्ण र उत्साहपूर्वक सम्पन्न भएको छ।

निर्वाचन आयोगद्वारा निर्धारित समयअनुसार बिहान ७:०० बजेदेखि सुरु भएको मतदान साँझ ५:०० बजे सम्पन्न भएको हो। आयोगका आयुक्त डा जानकीकुमारी तुलाधरले मत दिने समय साँझ ५:०० बजेसम्म भए पनि मतदानस्थलको लाइनमा रहेर मत दिन बाँकी मतदाताले त्यसपछि पनि मतदान गर्न सक्ने बताउनुभयो।

आयोगका अनुसार अहिलेसम्म कुनै पनि मतदान केन्द्रको मतदान औपचारिक रूपमा स्थगनको घोषणा भएको छैन। दोलखा, सर्लाही र रौतहटमा केहीबेर विवाद समाधान भएको थियो। केहीबेर मतदान स्थगनपछि दोलखाको तामाकोशी-४ स्थित मालु मतदानस्थलमा अहिले पनि मतदान जारी छ। मतदानको विस्तृत विवरणबारे बिहीबार साँझ ६:१५ बजे आयोगले पत्रकार

***बाँकी दुई पृष्ठमा***

## मोरङमा पाँच लाख पाँच हजार जनाले मतदान गरे

मोरङ, २१ फागुन (रासस) ।

मोरङका छवटा निर्वाचन क्षेत्रमा कूल पाँच लाख पाँच हजार ५१४ अर्थात् ६४ दशमलव ५६ प्रतिशतले मतदान गरेका छन् । जिल्ला प्रशासन कार्यालय मोरङका सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाले दुई लाख ४३ हजार ३१६ पुरुष, दुई लाख ६२ हजार १९६ महिला र अन्य दुई जना गरी पाँच लाख पाँच हजार ५१४ ले मतदान गरेका हुन् ।

मोरङको क्षेत्र नं १ मा ६० दशमलव ३६, क्षेत्र नं २ मा ६२ दशमलव ९७, क्षेत्र नं ३ मा ६१ दशमलव १७, क्षेत्र नं ४ मा ६७ दशमलव १५, क्षेत्र नं ५ मा ७१ दशमलव २८ र क्षेत्र नं ६ मा ६६ दशमलव ५६ प्रतिशत मतदाताले मतदान गरेका छन् ।

जिल्लामा सात लाख ८३ हजार ५० मतदाता छन् । यहाँ आठ सय ८८ मतदान केन्द्र कायम गरिएको थियो ।

## धनुषामा ६० प्रतिशत मतदाताले गरे मतदान

धनुषा, २१ फागुन (रासस) ।

धनुषामा ६० प्रतिशत मतदान भएको धनुषाका मुख्य निर्वाचन अधिकृत सुभासबाबु पुरले जानकारी दिनुभयो । सबै चार निर्वाचन क्षेत्रका ६४५ मतदान केन्द्रमा पाँच लाख १४ हजार ५७१ जना मतदाता थिए ।

सबै मतदान केन्द्रमा शान्तिपूर्ण रुपमा मतदान भएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले बताउनुभयो । नेपाली सेनाद्वारा निर्वाचन अधिकृतहरूको कार्यालयमा मतपेटिका ढुवानी भइरहेको जनाइएको छ ।

सर्वदलीय सहमति गरी बिहीबारैदेखि मतगणना सुरु गर्ने तयारी भएको जनाइएको छ ।

### *प्रतिनिधिसभा सदस्य ...*

सम्मेलन गरेर जानकारी गराउने जनाएको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष) तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन भएको हो ।

यस निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । निर्वाचनमा एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम छन् ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको थियो । १४३ अस्थायी मतदानस्थल तय भएका थिए । ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्त र गर्भवतीलगायतलाई सहज मतदानका लागि प्राथमिकता दिने व्यवस्था गरिएको थियो ।

निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिएका थिए ।


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# लोकतन्त्र र लोकतान्त्रिक निष्ठाले जितेको दिन

**धर्मेन्द्र झा**

काठमाडौँ, २१ फागुन (रासस) ।

नेपालको राजनीति जब अनिश्चयको भुमरीमा फस्न खोज्छ र सडकमा आक्रोशको लहर चल्छ, तब धेरैलाई लाग्छ- अब प्रणाली नै पो ढल्ने हो कि ! मुलुकमा यस्तो क्षण पटक-पटक आएको छ ।

निकट विगत अर्थात् भदौ २३ र २४ गतेको त्यो 'जेनजी विद्रोह' पछिको स्मरण गरौँ त ! जनमानसको मन मनमा जुन सन्नाटा र संशय छाएको थियो । त्यसले नेपालको लोकतान्त्रिक भविष्यमाथि ठूलो प्रश्नचिह्न खडा गरिदिएको थियो । तर, बिहीबार सम्पन्न निर्वाचनले ती तमाम संशयलाई चिर्दै एउटा बलियो सन्देश दिएको छ कि नेपाली लोकतन्त्र संकटमा झन् सम्हालिन्छ र यसले निकास खोज्न जान्दछ ।

गत भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन हुँदा धेरैलाई यो केवल 'आवश्यकताको सिद्धान्त'को एउटा कमजोर 'त्यान्द्रो' मात्र लागेको थियो । विद्रोहको राप, भौतिक संरचनाको क्षति र कानुनी राज्यविहीनताको त्यो तरल अवस्थामा छ महिनाभित्र निर्वाचन हुन्छ भन्नु केवल स्वैत कल्पनाजस्तो थियो ।

चरम अविश्वास थियो । घोर निराशा थियो । देशैभरि सन्नाटा छाएको थियो, मानौँ ठूलै आँधीबेहरीपछिको सन्नाटा । त्यसभित्र शुन्यता थियो । हुन पनि मुलुकमा जेनजी पुस्ताको यस्तो अकल्पनीय विद्रोह भयो कि त्यो कुनै नियमित आकस्मिकता थिएन । सिंहदरबारदेखि मुलुकका महत्वपूर्ण भौतिक संरचनामा क्षति पुग्यो । दुई दिनको आन्दोलनबाट मानिसहरुका आशा र आस्थाका धरहरा एकाएक ढल्न थाले । अनुशासन भड्कियो । कानुनी राज्यविहीनताको अवस्था सृजना भयो ।

भदौ अन्तिम साताको मुलुकको परिस्थिति सम्झिनुस् त ! अवस्था यति तरल बन्न पुग्यो कि भोलि के हुन्छ भन्ने कुराको कुनै अनुमान गर्न सक्ने अवस्था थिएन । थरिथरीका अनुमानले नेपाली लोकतन्त्रको भविष्य अँध्यारो सुरुङभित्र छिर्दै गरेको भनेर टिप्पणी हुन्थे । यसले चुनाव सम्भव हुन्छ भन्ने कल्पनाको क्षितिज निकै दूर थियो ।

सुरुका दिनमा न राजनीतिक दल न त आमजनताले आजको दिन देख्न पाइएला भन्ने विश्वास गरेका थिए । यतिसम्म कि देश सम्पूर्ण रुपमा चुनावमा होमिसकेको अवस्थामा पनि केही दिनअघिसम्म अनेकन शङ्का उपशङ्का व्यक्त भइरहेका थिए ।

भनिन्छ नी, आकाश ढाकेको कालो बादलभित्र पनि चाँदीको घेरा हुन्छ । हो, त्यही चाँदीको घेराभित्र भविष्य देख्यो, सम्माननीय सुशीला कार्की नेतृत्वको सरकारले । सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलको संवैधानिक जुक्ति भनेर कोरिदिएको निर्वाचन सम्पन्न गर्ने 'लक्ष्मण' रेखामा रहेर प्रधानमन्त्री कार्कीले निर्वाचनलाई आफ्नो अर्जुनदृष्टि बनायो । त्यसैले त आज असम्भवजस्तै लाग्ने निर्वाचन सम्भव भएको छ । जब राजनीतिक दलहरू नै निर्वाचनको निष्पक्षता र सुरक्षालाई लिएर द्विविधामा थिए, तब सरकारले निर्वाचनलाई लोकतन्त्र जोगाउने र संविधानलाई पुनः लिकमा ल्याउने एकमात्र संकल्प लियो ।

एकातिर सिंहदरबारमा आगो पुत्ताउँदै थियो, अर्कोतिर सरकारप्रति नै राजनीतिक दललगायत सरोकारवाला आश्वस्त भइसकेका थिएनन् । उनीहरु निर्वाचनको निष्पक्षता र सुरक्षामाथि प्रश्न उठाएर अनेक अड्कल गरिरहेका थिए, तर सरकार आफ्नो लक्ष्यबाट विचलित भएन ।

विस्तारै अविश्वासलाई विश्वासमा परिणत गर्न प्रयत्न गरिरह्यो । कार्की नेतृत्वको सरकारले कमजोर मनोबलमा रहेको भनिएको सुरक्षा निकाय, निर्वाचन आयोग र सरोकार भएकाहरुलाई विश्वासमा लिँदै अघि बढ्यो । लिकबाट झण्डै बाहिरिन खोजेको संविधानलाई पुनःबहाली गर्न, कानुनी राज्यलाई निरन्तरता दिन र विद्रोहमार्फत जेनजी पुस्ताले खोजेको सुशासन स्थापना गर्न निर्वाचन बाहेकको अर्को विकल्प थिएन ।

प्रतिनिधिसभा विघटन भएको वा कार्यकाल सकिएको छ महिनाभित्र निर्वाचन गरिसक्नुपर्ने संवैधानिक व्यवस्था थियो । यो मर्म बुझेको व्यक्ति भएकाले पनि होला पूर्वप्रधानन्यायाधीश कार्की नेतृत्वको सरकारले त्यो दायित्वबाट विचलित नभई युगीन जिम्मेवारी पूरा गरेको छ । यसका लागि सरकार नेपाली जनताका लागि धन्यवादको पात्र छ । प्रधानमन्त्री कार्कीको अविचलित निष्ठा र साहसमा उहाँका सारथी गृहमन्त्री ओमप्रकाश अर्यालको सालिनता र धैर्यताले पनि आज यो रुप र स्वरुपमा शान्तिपूर्ण निर्वाचन सम्पन्न भएको हो भन्दा फरक नपर्ला ।

फेरि दोहोर्‍याउँछु, मतगणना सुरु हुँदै गर्दा बाकसभित्र कसको भाग्य कस्तो छ, भन्ने चासो स्वाभाविक हो, तर यो क्षणमा कुनै व्यक्ति वा दलको जीतभन्दा पनि पद्धतिको जीत ठूलो कुरा हो । यो जीत प्रधानमन्त्री सुशीला कार्की र हामी नेपाली जनताको हो । प्रधानमन्त्री कार्की, जसको अदम्य साहसको जित हो ।

उहाँले जेनजी समूहको धम्की र दबाबका बीच पनि आफ्नो न्यायिक निष्ठा र कार्यकारी दृढता डगमगाउन दिनुभएन । यसमा गृहमन्त्री अर्यालको सालिनता र निर्वाचन आयोगको अहोरात्र खटाई उत्तिकै प्रशंसनीय छ । जेनजी विद्रोहले एउटा स्पष्ट संकेत दिएको थियो कि अबको पुस्ता पुरानो ढर्राको 'कन्जरभेटिभ' अभ्यासबाट सन्तुष्ट छैन । त्यसैले यो निर्वाचनले अब नेपाललाई 'लिबरल डेमोक्रेसी' र वास्तविक सुशासनतर्फ डोर्‍याउने नयाँ ढोका खोलेको छ ।

भनिन्छ, बाटो चुके दिनको फेर हुन्छ तर मौका चुके युगको फेर । आज हामी गर्व र ढुक्कका साथ भन्न सक्छौँ कि अब फेरि हामीले कठिन दिनको सामना गर्नुपर्ने छैन । किन भने हामीले सङ्कटका बीच पनि मौका चुकाएनौँ । अवसर पनि गुमाएका छैनौँ । अब हामीले न त सरकार गठन गर्न कुनै अवश्यकताको सिद्धान्तको साहारा लिनुपर्नेछ र न त लोकतन्त्रको सम्वर्धन र गणतन्त्रको संरक्षणका लागि कुनै बाधा अड्काउ नै फुकाउनुपर्ने बाध्यता छ ।

हामीले लोकतान्त्रिक शासन व्यवस्थाका लागि विश्वमा सर्वस्वीकृत विधि निर्वाचन बडो शान्तिपूर्ण र निष्पक्ष रुपमा सम्पन्न गरेका छौँ र यही विधिबाट अघि बढ्ने प्रण गरेका छौँ । त्यसैले आजको दिन लोकतन्त्रले जितेको दिन हो र हिजोको सङ्कट एवं अप्ठेरो परिस्थितिबाट अब सहज र प्रजातान्त्रिक मार्ग पहिल्याउन प्रण गरेको दिने हो । अब बाकसमा बन्द भएका मतपत्रहरू केवल उम्मेदवारका भविष्य होइनन्, ती त नेपालको सुदृढ लोकतन्त्रका नयाँ आधारशिला हुन् । यो निर्वाचन सम्पन्न भएसँगै मुलुक राष्ट्रिय एकताको बाटोमा फर्किएको छ र लोकतान्त्रिक संस्कारको जीत भएको छ । प्रतिकूलताका बीच पनि मुलुकलाई यो बिन्दुसम्म ल्याउने वर्तमान सरकार र दृढ सङ्कल्पित नेतृत्व, यसमा सहयोग गर्ने सबै राजनीतिक दल साँच्चै नै धन्यवादका पात्र छन् ।

# मतदान सफलतापूर्वक सम्पन्न भएकामा गृहमन्त्रीद्वारा धन्यवाद

काठमाडौँ, २१ फागुन (रासस) ।

गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान कार्य शान्तिपूर्ण र उत्साहजनक रुपमा सम्पन्न भएकामा सबैलाई धन्यवाद दिनुभएको छ ।

गृहमन्त्री अर्यालले राष्ट्रपतिको निर्देशन र प्रधानमन्त्रीको नेतृत्वमा सम्बद्ध सबै पक्षको सहयोगका कारण मुलुकभर एकै चरणमा मतदान कार्य सम्पन्न भएको भन्दै प्रधानमन्त्रीको अभिलाषाबमोजिम 'एक थोपा पनि रगत नबगी' निर्वाचन गर्ने कार्य सम्पन्न भएको उल्लेख गर्नुभएको छ ।

लोकतान्त्रिक प्रक्रियाको महत्वपूर्ण अभ्यासका रूपमा रहेको निर्वाचनमार्फत जनादेश लिनु संवैधानिक र कानुनी दृष्टिले सर्वोत्तम पक्ष हो भन्दै गृहमन्त्री अर्यालले यस निर्वाचनका माध्यमबाट संविधान कार्यान्वयन एवं नेपाली जनताले प्राप्त गरेको हकअधिकारको संस्थागत गर्नमा महत्वपूर्ण उपलब्धि हासिल भएको बताउनुभयो ।

मन्त्री अर्यालले निर्वाचन प्रक्रियामा संलग्न आम नेपाली नागरिक, सम्पूर्ण मतदाता, उम्मेदवार, राजनीतिक दलका नेता तथा कार्यकर्ता, निर्वाचनमा संलग्न निजामती कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी, राष्ट्रिय अन्तरराष्ट्रिय पर्यवेक्षक र प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहयोग एवं योगदान गर्नुहुने सबैप्रति हार्दिक आभार प्रकट गर्नुभएको छ । उहाँले निर्वाचनको मतदानपश्चात् मतगणनाको कार्यमा सकारात्मक भूमिका र सहयोगका निमित्त सम्बन्धित सबैमा अनुरोध गर्नुभएको छ ।

गृहमन्त्री अर्यालले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित र मर्यादित वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न देशव्यापी रूपमा मतदाताहरूले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता अभिव्यक्त भएको भन्दै मतदानमा सहभागी भएर आफ्नो अमूल्य मताधिकार प्रयोग गर्नुहुने सम्पूर्ण आमाबुवा, दिदी-बहिनी, दाजुभाइहरूप्रति उच्च सम्मानसहित धन्यवाद व्यक्त गर्नुभएको छ ।

# छिटफुट घटनाबाहेक निर्वाचन शान्तिपूर्ण : मानवअधिकार आयोग

काठमाडौँ, २१ फागुन (रासस) ।

राष्ट्रिय मानवअधिकार आयोगले छिटफुट घटनाबाहेक निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको निष्कर्ष निकालेको छ ।

प्रतिनिधिसभा निर्वाचनको आयोगले मानवअधिकारको दृष्टिबाट अनुगमन गरेको थियो । अनुमगनका लागि आयोगका अध्यक्ष, सदस्य, पूर्वपदाधिकारी र आयोगका कर्मचारी सम्मिलित ५२ वटा टोलीले ७५ वटा जिल्लामा पुगी निर्वाचनको अनुगमन गरेको हो ।

आयोगका अनुसार दोलखा, स्याङ्जा, सर्लाही जिल्लालगायतका केही मतदान केन्द्रमा आपसी विवादका कारण केही समय मतदान स्थगित भई पुनः सुरु भएको थियो । यस्तै, दाङ, ओखलढुङ्गा, दार्चुला जिल्लाका केही मतदान केन्द्रमा कोही पनि मतदान गर्न नआएको र केही मतदान केन्द्रमा अति न्यून मतदातामात्रै मतदानमा सहभागी भएको पाइएको आयोगले जनाएको छ ।

कतिपय मतदान केन्द्रमा राजनीतिक दलका कार्यकर्ताबीच आपसी विवाद भएको एवं केही मतदानस्थल अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी र ज्येष्ठ नागरिकका लागि पहुँचयुक्त नभएको आयोगले उल्लेख गरेको छ ।

कतिपय मतदानस्थल बस्तीबाट धेरै टाढा भएका कारण अपाङ्गता भएका व्यक्ति, गर्भवती,

***बाँकी तीन पृष्ठमा***

# निःस्वार्थ र निष्ठा राखेर काम गरे फत्ते हुन्छ : प्रधानमन्त्री कार्की

काठमाडौँ, २१ फागुन (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले निःस्वार्स्थ र निष्ठा राखेर काम गरे फत्ते हुन्छ भन्ने विश्वासका साथ आफूले काम गरेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएपछि प्रधानमन्त्री कार्कीले भन्नुभयो, "असहज र अनिश्चयपूर्ण अवस्थामा हामिले जिम्मेवारी सम्हालेका थियौँ । तर पनि हामीलाई आत्मविश्वास थियो काम गर्न सक्छौँ भन्ने, लगनशीलता भएमा कुनै कुरामा लागिपरे सम्भव हुने रहेछ, चुनौती भए पनि हामी आफ्नो जिम्मेवारी अनुकूलको काम गर्दै गयौँ ।"

प्रधानमन्त्री कार्कीले चुनौती र बाधा अवरोध धेरै भएको तथा मुख्य चुनौती सुरक्षाको भएको उल्लेख गर्दै एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार काम गरेको बताउनुभयो । "त्यो प्रभावकारी पनि भयो, सफलतासाथ शान्ति कायम गर्न सम्भव भयो । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र गृह प्रशासन सबैका बीचमा समन्वय पनि राम्रोसँग भयो । सबैले एउटै राष्ट्रिय भावनाका साथ काम गर्नुभयो, उहाँहरु सबै धन्यवादका पात्र हुनुहुन्छ । सहिद परिवार तथा घाइते योद्धाहरुको संयम र समझदारीलाई पनि यहाँनिर बिर्सन मिल्दैन । उहाँहरुप्रति उच्च सम्मान छ, उहाँले भन्नुभयो ।

प्रधानमन्त्री कार्कीले सरकारमाथि विभिन्न प्रकारले आक्रमण र बाधा अवरोध भए पनि त्यसबाट विचलित नभएको उल्लेख गर्दै भन्नुभयो, "जति अवरोध भए पनि हामीले बाटो छाडेनौँ ।"

धेरै चुनौतीको सामना गर्नुपरेको जिकिर गर्दै प्रधानमन्त्री कार्कीले भन्नुभयो, "हामीलाई दलहरुले नै अयोग्य भनेकै हुन्, जेनजीका केही व्यक्तिले पनि औँला उठाएकै हुन, तर हामी मुलुकमा शान्ति कायम गर्ने उद्देश्यमा लाग्यौँ ।"

प्रधानमन्त्री कार्कीले रक्तपात नहोस्, कुनै अप्रिय घटना नहोस् र शान्त र अनुशासित रुपमा निर्वाचन होस् भन्ने लागेको उल्लेख गर्दै भन्नुभयो, "सभ्य हिसाबमा होस् भन्ने थियो । चुनावमा हिंसा हुनुहुँदैन भन्ने पहिलो दिनबाटै भनेको हो । हाम्रो प्रयास नै त्यसैमा रह्यो । कसले के भन्छ भनेर हामीले त्यस्ता कुरा सुन्दै सुनेनौँ । हामीले काम मात्र सोच्यौँ । हामीले हाम्रा लागि गरेका पनि होइनौँ । मुलुक र जनताका लागि गरेका हौँ । सिङ्गो मुलुकको साथ पनि पाइयो ।"

निर्वाचन गराउने सन्दर्भमा अझै केही राम्रो गर्न सकेको भए हुन्थ्यो भन्ने लागेको प्रधानमन्त्री कार्कीले उल्लेख गनुभयो । उहाँले भन्नुभयो, "खर्चमा मितव्ययिता अपनायौँ । अझै कम गर्न सकिन्थ्यो । तर भदौ २३ र २४ गतेको घटनाका कारण धेरै साधन नयाँ किन्नुपर्‍यो । तैपनि यो निर्वाचन निकै नै सभ्य अनि अनुशासित रुपमा सम्पन्न भएको छ ।"

मुलुकका समस्याको समाधानमा इमानदार प्रयासको आवश्यकता औँल्याउँदै प्रधानमन्त्री कार्कीले जेनजीले उठाएका माग सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो । "जस्तो कि देशमा सुशासन होस्, स्वदेशमै बस्न पाइयोस् । यहीँ काम पाइयोस् । भ्रष्टाचार, विभेद र पक्षपात नहोस् । विदेशमा लास बनेर फर्किनुपर्ने अवस्थाको अन्त्य होस् । देशभित्रै गुणस्तरीय शिक्षा पढ्न पाउन् युवाले । संविधानसम्मत मौलिक हकको अक्षरशः पालना होस् । हामीले के गर्न खोजेका थियौँ, के सम्भव भयो, के अधुरो रह्यो र के काम के कारणले सम्भव हुन सकेन भन्ने विषयमा श्वेतपत्र नै छाडेर जान्छौँ । ताकि आगामी सरकारलाई मार्गदर्शन होस्", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री कार्कीले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले प्रतिवेदन बुझाउनासाथ कार्यान्वयन हुने बताउनुभयो । "मैले भन्दै आएकी छु, मुलुकमा कुनै पनि प्रकारको दण्डहीनताले ठाउँ पाउनु हुँदैन । त्यसैले अहिलेको आयोगको मात्र होइन, अरु पनि त्यस्ता प्रतिवेदन छन् भने ती हेर्छौँ र सार्वजनिक गरिदिन्छौँ । ताकि जनताले थाहा पाउँछन्", उहाँले भन्नुभयो ।

# प्रधानमन्त्री कार्कीद्वारा कतारका प्रधानमन्त्रीसँग टेलिफोन संवाद : नेपालीको सुरक्षाबारे कुराकानी

काठमाडौँ, २१ फागुन (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले कतारका समकक्षी शेख मोहम्मद बिन अब्दुलरहमान अल-थानीसँग बिहीबार टेलिफोन वार्ता गरी पश्चिम एसिया क्षेत्रमा पछिल्ला दिनमा विकसित घटनाक्रमप्रति चिन्ता व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री कार्कीले कतारमा रहेका तीन लाख ६० हजार नेपाली नागरिक सुरक्षा तथा संरक्षण उपलब्ध गराएकामा नेपाल सरकार र नेपाली जनताको तर्फबाट कतारी प्रधानमन्त्री थानीलाई धन्यवाद दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री कार्कीले पश्चिम एसिया क्षेत्रमा विकसित घटनाक्रमलाई नेपालले नजिकबाट नियालिरहेको बताउँदै सम्बद्ध सबै पक्षलाई संयमित रहन, द्वन्द्वलाई थप नचर्काउन र नागरिकको सुरक्षाको प्रत्याभूति हुनुपर्ने नेपालको धारणा रहेको बताउनुभएको थियो ।

उहाँले नेपालले सबै राष्ट्रले संयुक्त राष्ट्र सङ्घको बडापत्र, अन्तरराष्ट्रिय कानुन, जेनेभा अभिसन्धि र मानवीय कानुनको उचित सम्मान र पालना गर्नुपर्ने कुरामा जोड दिइएको बताउनुभएको थियो ।

कुनै पनि बहानामा युद्ध शान्तिको विकल्प हुन नसक्ने बताउँदै प्रधानमन्त्री कार्कीले वार्ता र कूटनीतिको माध्यमबाट मात्र दीर्घकालीन शान्ति सुनिश्चित हुने बताउनुभयो ।

उहाँले दुई मुलुकबीचको सम्बन्ध आगामी दिनमा उच्चस्तरीय भ्रमण आदानप्रदान, आर्थिक तथा सांस्कृतिक सहकार्य र जनस्तरको सम्बन्धमार्फत थप प्रगाढ हुने विश्वास पनि व्यक्त गर्नुभयो ।

टेलिफोन संवादका क्रममा प्रधानमन्त्री कार्कीले कतारको परिस्थितिप्रति ऐक्यबद्धता व्यक्त गर्दै कतारको सार्वभौम भूमिमा खासगरी गैरसैनिक क्षेत्रमा भएको आक्रमणप्रति गहिरो चासो व्यक्त गर्नुभयो । साथै उहाँले कतारले रचनात्मक भूमिकासहित वर्तमान परिस्थितिको सामना गर्न सक्षम हुने विश्वास व्यक्त गर्नुभयो ।

कतारका प्रधानमन्त्री एवं परराष्ट्रमन्त्री थानीले नेपाल र कतारबीचको सुमधुर, प्रगाढ र मित्रवत् सम्बन्धको उच्च प्रशंसा गर्नुभएको थियो ।

### *छिटफुट घटनाबाहेक ...*

सुत्केरी, ज्येष्ठ नागरिकलगायत मतदानबाट वञ्चित भएको पाइएको छ । कतिपय मतदानस्थलमा खानेपानी, शौचालय, प्राथमिक उपचारजस्ता अत्यावश्यक सेवाको पर्याप्त उपलब्धता नरहेको एवं मतदाता सहभागिता न्यून देखिएको आयोगले जनाएको छ ।

मतदान प्रविधिमैत्री हुन नसक्को कारण विदेशमा रहेका तथा आफ्नो मतदाता नामावली भएको जिल्लाभन्दा अन्य जिल्लामा रहेका मतदाता मतदानबाट वञ्चित भएको देखिएको आयोगले उल्लेख गरेको छ ।

उच्च सुरक्षा सतर्कता र मतदानस्थलको चुस्त व्यवस्थापनका कारण निर्वाध र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएको पाइएको ठहर गर्दै आयोगले मानवअधिकारको दृष्टिमा मतदान प्रक्रिया सन्तोषजनक देखिएको स्पष्ट पारेको छ ।

निर्वाचन सम्पन्न गराउन भूमिका खेल्ने नेपाल सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारी तथा सम्पूर्ण मतदातालाई आयोगले धन्यवाद प्रवक्ता टीकाराम पोखरेलले जानकारी दिनुभयो ।


तनाव व्यवस्थापनमा परिवारको भूमिका

❖परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं।

❖स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहान गरौं।

❖सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं।

❖घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं।

❖जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।

❖साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं।

आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## विश्व समाचार

# मध्यपूर्व युद्धले रूस-युक्रेन वार्ता रोकियो : जेलेन्स्की

किएभ, २१ फागुन (रासस/एपी) ।

मध्यपूर्वमा चर्किएको इरानसम्बन्धी युद्धका कारण संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा रूस र युक्रेनबीच यस साता हुने भनिएको नयाँ चरणको वार्ता स्थगित भएको युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले बताउनुभएको छ । अन्तर्राष्ट्रिय ध्यान अहिले मध्यपूर्वतर्फ केन्द्रित भइरहेका बेला किएभले भने इरानी ड्रोनको सामना गर्ने आफ्नो अनुभवबारे विभिन्न देशबाट सहयोगको प्रस्ताव प्राप्त गरिरहेको जनाएको छ ।

जेलेन्स्कीका अनुसार संयुक्त राज्य अमेरिका र मध्यपूर्वका केही सहयोगी राष्ट्रहरूले इरानद्वारा प्रयोग भइरहेका साहेद ड्रोनविरुद्ध प्रतिरक्षा उपायबारे युक्रेनसँग सहयोग खोजिरहेका छन् । रूसले चार वर्षअघि युक्रेनमाथि आक्रमण सुरु गरेपछि हजारौँ साहेद ड्रोन प्रयोग गरिसकेको अनुभव युक्रेनसँग रहेको उहाँले बताउनुभयो । पछिल्लो समयमा इरानले पनि इरानी लक्ष्यहरूमा भएका संयुक्त अमेरिकी-इजरायली आक्रमणको जवाफ त्यही प्रकारका ड्रोनमार्फत दिएको उल्लेख गरिएको छ ।

छैटौँ दिनमा प्रवेश गरेको इरानसम्बन्धी युद्धले दोस्रो विश्वयुद्धपछिको युरोपको सबैभन्दा ठूलो सङ्घर्ष मानिएको रूस-युक्रेन युद्धबाट अन्तर्राष्ट्रिय ध्यान केही हदसम्म मोडिएको छ । पश्चिमी सरकार र विश्लेषकहरूका अनुसार रूस-युक्रेन युद्धमा लाखौँ मानिसको ज्यान गइसकेको छ, तर एक वर्षदेखि जारी अमेरिकी नेतृत्वको शान्ति प्रयासले लडाइँ चाँडै अन्त्य हुने सङ्केत भने अझै दिएको छैन ।

जेलेन्स्कीले बुधबार राति सम्बोधन गर्दै इरान वरपरको सुरक्षा अवस्थाका कारण तीनपक्षीय कूटनीतिक बैठकका लागि आवश्यक वातावरण अझै नबनेको बताउनुभयो । "अहिले इरानसँग सम्बन्धित अवस्थाका कारण त्रिपक्षीय बैठकका लागि आवश्यक सङ्केतहरू प्राप्त भएका छैनन्", उहाँले भन्नुभयो, "तर सुरक्षा अवस्था र समग्र राजनीतिक सन्दर्भ अनुकूल हुनेबित्तिकै त्यो कूटनीतिक प्रक्रिया पुनः सुरु गरिनेछ ।"

उहाँका अनुसार इरानी ड्रोनविरुद्ध प्रतिरक्षा उपायबारे सहयोगका लागि विभिन्न देशहरूले युक्रेनसँग सम्पर्क गरिरहेका छन् । हालैका दिनमा उहाँले संयुक्त अरब इमिरेट्स, कतार, बहराइन, जोर्डन र कुवेतका नेताहरूसँग सम्भावित सहकार्यबारे छलफल गर्नुभएको छ ।

तर उहाँले युक्रेनले यस्तो सहयोग आफ्नो सुरक्षा कमजोर नपर्ने अवस्थामा मात्र उपलब्ध गराउने स्पष्ट पार्नुभयो । साथै यस्तो सहकार्यले रूसी आक्रमण रोक्ने किएभको कूटनीतिक प्रयासलाई सहयोग पुर्‍याउनु पर्ने शर्त पनि उहाँले राख्नुभयो ।

"हामीलाई, युक्रेनलाई, युद्धको उचित अन्त्य गर्न सहयोग गर्नेहरूलाई हामी पनि युद्धबाट जोगिन मद्दत गर्न तयार छौँ", जेलेन्स्कीले भन्नुभयो ।

यसैबीच, युद्धको अध्ययन संस्थानका अनुसार युक्रेनी सेनाले करिब एक हजार २५० किलोमिटर लामो मोर्चामा केही स्थानहरूमा रूसी सेनालाई पछाडि धकेल्न सफल भएको छ । वासिङ्टनस्थित उक्त थिङ्क ट्याङ्कका अनुसार फेब्रुअरीको अन्तिम दुई सातामा युक्रेनी सेनाले स्थानीय स्तरका प्रतिआक्रमणमार्फत गुमाएको भन्दा बढी भूभाग पुनः नियन्त्रणमा लिएको छ ।

संस्थानले जनवरी १ यता युक्रेनले करिब २५७ वर्गकिलोमिटर (१०० वर्गमाइल) क्षेत्र पुनः आफ्नो नियन्त्रणमा ल्याएको अनुमान गरेको छ ।

# इजरायले लेबनानामा गरेको आक्रमणमा आठ जनाको मृत्यु : मिडिया

बेरुत, लेबनान, २१ फागुन (रासस/एएफपी) ।

इजरायलले लेबनानको दक्षिणी लेबनानको हेजबुल्लाह गढका क्षेत्रहरूका निकासी आह्वान जारी  गर्दै गरेको आक्रमणमा आठ जनाको मृत्यु भएको जनाइएको छ । इजरायलमाथि आक्रमण गर्दा लेबनानलाई क्षेत्रीय युद्धमा तानेको र इरान समर्थित लडाकु समूहले गालील क्षेत्रका स्थानहरूमा क्षेप्यास्त्र प्रहार गरेको बताएको छ ।

राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले दक्षिण लेबनानको नबातीह क्षेत्रका गाउँका मेयर र उनकी श्रीमतीको आक्रमणमा मृत्यु भएको जनाएको छ । लेबनानको स्वास्थ्य मन्त्रालयले देशको पूर्वमा रहेको जाहले सहर नजिकै कारमा भएको आक्रमणमा दुई जनाको मृत्यु भएको बताएको छ ।

राजधानीको दक्षिणी उपनगर, हेजबुल्लाहको मुख्य गढमा बिहीबार थप आक्रमणहरू भएको जनाइउको छ भने एनएनएले एएफपीटीभी फुटेजमा त्यस क्षेत्रबाट धुवाँ आउँदै गरेको देखाइएको छ । लेबनानको उत्तरमा त्रिपोली नजिकैको प्यालेस्टिनी शरणार्थी शिविर बेडावीको एउटा अपार्टमेन्टमा भएको इजरायली ड्रोन आक्रमण हामासका वरिष्ठ अधिकारी वासिम अतल्लाह अल-अली र उहाँकी पत्नीको मृत्यु भएको जनाइएको छ ।

इजरायलले बिहीबार पनि, दक्षिणी लेबनानका विभिन्न क्षेत्रका बासिन्दाहरूलाई सैन्य कारबाहीका कारण खाली गर्न चेतावनी दिएको छ । मङ्गलबार, इजरायली सेनाले इजरायली बासिन्दाहरूको सुरक्षाका लागि लेबनान भित्र बफर जोन सिर्जना गरिरहेको बताएको थियो । भोलिपल्ट, लेबनानभित्र पैदल सेना, बख्तरबंद र इन्जिनियरिङ एकाइहरूसहित तीनवटा डिभिजनका सेनाहरू कार्यरत रहेको उहाँले बताउनु भएको छ ।

# प्रधानमन्त्री कार्कीद्वारा जनतालाई बधाई

काठमाडौँ, २१ फागुन (रासस)।

प्रधानमन्त्री सुशीला कार्कीले उत्साहजनक सहभागिताका साथ ऐतिहासिक रूपमा शान्तिपूर्ण निर्वाचन सम्पन्न गरी मुलुकलाई लोकतान्त्रिक र संविधानसम्मत निकास दिन सफल भएकामा सम्पूर्ण नेपाली जनतालाई बधाई दिनु भएको छ।

प्रधानमन्त्री कार्कीले बिहीबार निर्वाचनको मतदात सकिएलगत्तै सामाजिक सन्जाल (फेसबुक) मार्फत भन्नुभएको छ, "निर्वाचन आयोगको कुशल नेतृत्व, सुरक्षाकर्मीहरूको उच्च मनोबल र राष्ट्रप्रतिको बफादारिता, मेरो मन्त्रिपरिषद्का सदस्य तथा राष्ट्रसेवक कर्मचारीहरूको लगनशीलता, राजनीतिक दल र उम्मेदवारहरूको सकारात्मक सहयोग, अन्तरराष्ट्रिय समुदायको साथ र समर्थन, सञ्चारमाध्यमका जिम्मेवार खबरदारीका लागि धन्यवाद।"

प्रधानमन्त्री कार्कीले आन्दोलनका सहिदहरू, घाइते योद्धाहरू तथा आन्दोलनकारी नवयुवाको त्याग, संयम, समझदारी र लोकतन्त्रप्रतिको समर्पणका लागि उच्च सम्मान व्यक्त गर्नुभएको छ।

त्यसैगरी राष्ट्रपतिले निर्वाह गर्नुभएको अभिभावकीय भूमिकाका लागि प्रधानमन्त्री कार्कीले कृतज्ञता व्यक्त गर्नुभएको छ।

# शान्तिपूर्ण निर्वाचनका लागि अमेरिकाद्वारा बधाई

काठमाडौँ, २१ फागुन (रासस)।

नेपालमा प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएकामा अमेरिकाले बधाई दिएको छ। नेपालस्थित अमेरिकी दूतावासले बिहीबार सामाजिक सञ्जाल एक्समार्फ निर्वाचन सम्पन्न भएकामा बिहीबार बधाई दिएको हो।

दूतावासले भनेको छ, "अमेरिकाले आगामी सरकारसँग दुवै देशको समृद्धि र सुरक्षासम्बन्धी साझा लक्ष्यहरूमा सहकार्य गर्न उत्सुक रहेको छ।" जेनजी आन्दोलनपछिको विशेष परिस्थितिमा हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएको छ। बिहीबार सम्पन्न निर्वाचन ६० प्रतिशत मत खसेको आयोगले जनाएको छ। अहिले मतपेटिका गणनास्थलमा सार्ने काम भइरहेको छ। केही स्थानमा बिहीबारै रातिदेखि गणना गर्ने तयारी रहेको छ।

मुलुकका ७७ वटै जिल्लामा बिहान ७:०० देखि अपराह्न ५:०० बजेसम्म एकै चरणमा मतदान हुनेछ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गरेका छन्। प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि भएको प्रतिनिधिसभाको यो तेस्रो निर्वाचन हो। यसअघि २०७४ र २०७९ सालमा प्रतिनिधिसभा सदस्य निर्वाचन भएको थियो। निर्वाचनमा सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन्। प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन भएको छ।

# लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता बलियो रूपमा अभिव्यक्त भएको छ : सभापति थापा

काठमाडौँ, २१ फागुन (रासस)।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता बलियो रुपमा अभिव्यक्त भएको बताउनुभएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान सम्पन्न भएपछि विज्ञप्ति जारी गर्दै सभापति थापाले निर्वाचन सम्पन्न गराउने सबैप्रति आभार व्यक्त गर्दै सम्मान प्रकट गर्नुभयो। उहाँले भन्नुभयो, "प्रतिनिधिसभाको निर्वाचनमा देशव्यापी रूपमा मतदाताले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको नेपाली निष्ठा र अटल प्रतिबद्धता पुनः एकपटक बलियो रूपमा अभिव्यक्त भएको छ। निर्वाचनमा सहभागी भएर आफ्नो अमूल्य मताधिकार प्रयोग गर्नुहुने सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाइप्रति म नेपाली कांग्रेस पार्टीका तर्फबाट उच्च सम्मान सहित कृतज्ञता व्यक्त गर्दछु।"

मतदाताको सक्रिय सहभागिताले एकातर्फ लोकतान्त्रिक प्रणालीप्रतिको गहिरो विश्वासलाई पुष्टि गरेको र अर्कातर्फ राजनीतिक दल र अब बन्ने सरकारलाई जनअपेक्षा अनुसार काम गर्न थप जिम्मेवार बनाएको उहाँको भनाइ छ।

केही निर्वाचन क्षेत्रमा भएका केही घटना बाहेक शान्तिपूर्ण वातावरणमा निर्वाचन गराउन सफल भएकोमा उहाँले सरकार र निर्वाचन आयोगलाई विशेष धन्यवाद दिन दिनुभएको छ। "निर्वाचन सफल बनाउन अहोरात्र खटिनु भएका राष्ट्रसेवक कर्मचारी र सम्पूर्ण सुरक्षा निकायप्रति हार्दिक आभार र बधाई प्रकट गर्दछौं", विज्ञप्तिमा उल्लेख छ।

सभापति थापाले निर्वाचनमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नुभएका राजनीतिक दल, सञ्चारकर्मी तथा राष्ट्रिय एवं अन्तरराष्ट्रिय पर्यवेक्षकप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्नुभएको छ।

# निर्वाचन सफलतापूर्वक सम्पन्न गरेकामा भारतद्वारा बधाई

काठमाडौँ, २१ फागुन (रासस)।

भारतले नेपालमा शान्तिपूर्ण रूपमा सफलतापूर्वक आमनिर्वाचन सम्पन्न गरेकामा बधाइ दिएको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले सामाजिक सञ्जालमा बिहीबार एक्समा भन्नुभएको छ, "गत वर्षको असामान्य अवस्थाको पृष्ठभूमिमा आयोजित यो चुनाव सफलतापूर्वक सम्पन्न गरेकामा नेपाल सरकार र नेपालका जनताका साथै सरोकारवालालाई बधाई दिन्छौं।"

उहाँले उत्साहजनक सहभागिताका साथ नेपालमा लोकतान्त्रिक जनादेशको प्रयोग भएको उल्लेख गर्दै भारतले नेपालको नयाँ सरकारसँग मिलेर काम गर्ने तत्पर रहेको पनि बताउनुभएको छ। प्रवक्ता जैसवालले भन्नुभएको छ, "आपसी हितका लागि हाम्रा दुई देश र जनताबीचको बलियो सम्बन्धलाई अझ सुदृढ तुल्याउन हामी नेपालको नयाँ सरकारसँग मिलेर काम गर्न तत्पर छौं।"

# निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा रास्वपाद्वारा धन्यवाद व्यक्त

काठमाडौँ, २१ फागुन (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले चौतर्फी चुनौतीका बाबजुद बिहीबारको ऐतिहासिक प्रतिनिधिसभा सदस्यको आमनिर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न अहम् भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण सरोकारवाला पक्षहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभएको छ।

उहाँले बिहीबार विज्ञप्ति जारी गरी विशेषगरी निर्वाचनलाई निर्धारित मितिमा सम्पन्न गर्न अहोरात्र खटिनुभएका प्रधानमन्त्री सुशीला कार्की, नेपाल सरकारका सम्पूर्ण निकाय, निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, सम्पूर्ण राजनीतिक दल, सञ्चार जगत्, नागरिक समाज, राष्ट्रिय-अन्तरराष्ट्रिय पर्यवेक्षक तथा सम्पूर्ण आमाबुबा दाजुभाइ तथा दिदीबहिनीप्रति हार्दिक कृतज्ञता तथा उच्च सम्मानसमेत व्यक्त गर्नुभएको छ।

उहाँले भन्नुभएको छ, "अब आउने निर्वाचन परिणामले जेनजी पुस्ताको लोकतन्त्र, पारदर्शिता, उत्तरदायित्व र सुशासनप्रति राखेको अपेक्षा र आकाङ्क्षालाई सम्बोधन गर्ने आशा तथा विश्वास गर्दछौं।"

# निर्वाचन शान्तिपूर्ण र व्यवस्थित रुपमा सम्पन्न : एएनएफरेल

काठमाडौँ, २१ फागुन (रासस)।

द एसियन नेटवर्क फर फ्रि इलेक्सन्स (एएनएफरेल) ले प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण र व्यवस्थित वातावरणमा सम्पन्न भएको जनाएको छ। निर्वाचनको अवलोकनपछि बिहीबार जारी वक्तव्यमा एएनएफरेलले मतदाताको सक्रिय सहभागिताले लोकतान्त्रिक प्रक्रियाप्रति नेपाली नागरिकको प्रतिबद्धता पुनः पुष्टि भएको उल्लेख गरेको छ।

एएनएफरेलका अन्तरराष्ट्रिय पर्यवेक्षकहरूले देशभरका ३०३ मतदान केन्द्रको अवलोकन गरेका थिए। अवलोकन गरिएका अधिकांश केन्द्रमा मतदान प्रक्रिया सहज र व्यवस्थित ढङ्गले सञ्चालन भएको एएनएफरेलले उल्लेख गरेको छ।

वक्तव्यमा निर्वाचन आयोग, मतदान अधिकृत, सुरक्षाकर्मी तथा स्वयंसेवकहरूले निर्वाचन व्यवस्थापनमा खेलेको भूमिकाको प्रशंसा गरिएको छ। मतदान केन्द्रहरूमा सुरक्षाकर्मीको उल्लेख्य उपस्थिति रहेकाले समग्र वातावरण स्थिर र शान्तिपूर्ण रहेको पनि एएनएफरेलले जनाएको छ।

# निर्वाचनले लोकतान्त्रिक प्रणालीलाई अझ सुदृढ बनाएको छ : अध्यक्ष दाहाल

काठमाडौँ, २१ फागुन (रासस)।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मतदानमार्फत जनताले देखाएको उच्च सहभागिता, संयम र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रतिको विश्वासले हाम्रो प्रणालीलाई अझ सुदृढ बनाएको बताउनुभएको छ।

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन पश्चात सामाजिक सञ्जाल मार्फत् जारी सन्देशमा उहाँले शान्तिपूर्ण, सभ्य र लोकतान्त्रिक वातावरणमा सम्पन्न निर्वाचन सम्पन्न गर्न सफल भएकामा सरकार, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, सहभागी राजनीतिक दलहरू, नागरिक समाज एवं सम्पूर्ण मतदाताप्रति बिहीबार सामाजिक सञ्जाल (फेसबुक) मार्फत धन्यवाद व्यक्त गर्दै सो कुरा बताउनुभएको हो।

उहाँले भन्नुभएको छ, "एउटा जटिल राजनीतिक परिस्थितिलाई सहजतातर्फ लैजान घोषणा भएको प्रतिनिधिसभाको निर्वाचन तमाम आशङ्का चिर्दै शान्तिपूर्ण, सभ्य र लोकतान्त्रिक वातावरणमा सम्पन्न भएको छ।"

आगामी दिनमा जनताको निर्णयलाई सम्मान गर्दै देश र जनताको हितमा सबैपक्ष मिलेर अघि बढ्ने उहाँको विश्वास छ।

# महोत्तरीमा स्वतन्त्र उम्मेदवारमाथि कुटपिट

महोत्तरी, २१ फागुन (राससं)।

जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ का स्वतन्त्र उम्मेदवार रामआधार कापरमाथि कुटपिट भएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक हेरम्ब शर्माका अनुसार जलेश्वर नगरपालिका-७ मा अज्ञात समूहले उहाँमाथि निर्घात कुटपिट गरेको हो। घटना गए रातिको हो।

स्वतन्त्र उम्मेदवार कापरको छाती, पिठ्युँ तथा शरीरका विभिन्न भागमा चोट लागेको छ। हाल उहाँको जनकपुरमा उपचार भइरहेको छ।

आक्रमणमा परेपछि उहाँले सहयोगका लागि प्रहरी-प्रशासनमा खबर गर्नुभएको र आफूहरूले तत्काल उहाँलाई उद्धार गरी अस्पताल पठाएको प्रहरी उपरीक्षक शर्माले राससलाई बताउनुभयो। घटनास्थलमा प्रहरी पुगेपछि भागेका आक्रमणकारीहरूको खोजी जारी छ।

# आज लोकतन्त्रले जितेको छ : वरिष्ठ नेता बालेन्द्र शाह

काठमाडौँ, २१ फागुन (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाहले प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा आज लोकतन्त्रले जितेको बताउनुभएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदानको समय सकिएपछि सामाजिक सञ्जालमा प्रधानमन्त्री सुशीला कार्कीको तस्बिर पोष्ट गर्दै उहाँले लेख्नुभएको छ, "हजुरको नेतृत्वमा आज लोकतन्त्रले जितेको छ।"

# अध्यक्ष ओलीद्वारा निर्वाचन सम्पन्न भएकामा धन्यवाद

काठमाडौँ, २१ फागुन (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएकामा धन्यवाद ज्ञापन गर्नुभएको छ।

अध्यक्ष ओलीले बिहीबार सामाजिक सञ्जालमार्फत देशभर आम रूपमा शान्तिपूर्ण मतदान सम्पन्न भएकामा धन्यवाद ज्ञापन गर्नु भएको हो।

"निर्वाचन सम्पन्न गरेकामा सरकार, निर्वाचन आयोग, मतदानमा सहभागी हुनुभएका सम्पूर्ण मतदाता, निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मी सबैलाई धन्यवाद। निर्वाचनमा सक्रिय पार्टीका कार्यकर्ता तथा प्रतिनिधिहरूलाई पनि धन्यवाद", उहाँले भन्नुभएको छ।


सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*